# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८१।०८२

चलानी नं. :

मिति : २०८१।११।२२
ने.स. ११४५ चिल्लाथ्व ७ बिहीवार

**सूचना नं. : ५६**

**आवश्यक सतर्कता अपनाउने सम्बन्धी सूचना !**

विगतका वर्षहरुमा सुक्का मौसमको सुरुवात सँगै यस विहादी गाउँपालिका भित्र विभिन्न आगलागी तथा वन डढेलो जस्ता घटनाहरु घटि ठुलो क्षति हुने गरेको सर्वविदितै छ । यस्ता घटनाहरु मानवीय त्रुटी तथा असावधानीका कारण हुने गरेको पाईएकोले यस वर्षको सुक्का समयमा संभावित आगालागी तथा वन डढेलोको घटनाहरु हुन नदिन देहाय बमोजिम सावधानी तथा सतर्कता अपनाउनुहुन सम्बन्धीत सवैमा अनुरोध गरिन्छ ।

**देहाय :**

१. आफ्नो घर, गोठ, कार्यालय, उद्योग तथा पसलहरुमा रहेका विद्युतीय तार तथा उपकरणहरु नियमित चेकजाँच गरी मर्मत सम्भार गर्ने ।

२. चुरोटका ठुटा, सलाई तथा लाईटर जस्ता सामाग्रीहरु जथाभावी नफाल्ने / बालबालिकाको पहुँचमा नराख्ने ।

३. परालको टौवा तथा छिट्टै आगो फैलिने सामाग्रीहरु राखेको ठाउँ नजिकै आगोको कारोवार नगर्ने ।

४. झाडी नियन्त्रण गर्ने उद्देश्यले जथाभावी आगो / डढेलो नलगाउने ।

५. खेत वारीमा काम गर्दा झाडी डढाउनु परेमा सुरक्षित रुपमा हावा नलागेको समयमा सावधानी पूर्वक काम गर्ने ।

६. कहिँ कतै आगलागीको घटना भएमा नजिकको प्रहरी चौकी तथा जनप्रतिनिधिहरुलाई खवर गरि सुरक्षा कर्मी, जनप्रतिनिधि तथा स्थानीय वासिन्दाहरुको सहयोगमा आगो निभाउने ।

परदिन गुरुङ
अध्यक्ष